मुखियापट्टी मुसहरनिया गाँउपालिका

# स्थानीय राजपत्र

मिति: २०८३/०२/३१

मुखियापट्टी मुसहरनिया गाँउपालिका

## सर्प दंश उपचार केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३

प्रकाशित मिति : २०८३/०३/०९

शम्भु ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

कुमार यादव
गा.पा. अध्यक्ष

CamScanner

# मुखियापट्टी मुसहरनिया गाउँपालिका

## सर्प दंश उपचार केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३

स्वीकृत मितिः २०८३।०२।३१

प्रमाणीकरण मितिः २०८३।०२।३१

**प्रस्तावनाः**

मुखियापट्टी मुसहरनिया गाउँपालिकाका जनताको सबै प्रकारको स्वास्थ्य सुरक्षा सेवामा पहुँच सुनिश्चित तथा स्वास्थ्य सम्बन्धी मौलिक हक कार्यान्वयन गर्न, सर्पको टोकाइबाट हुने पीडा र जोखिम न्यून गर्दै जीवन रक्षाका लागि गाउँपालिका क्षेत्रमा सर्प दंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक भएकोले; मुखियापट्टी मुसहरनिया गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७६ को दफा ४ को अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले "मुखियापट्टी मुसहरनिया गाउँपालिका सर्प दंश उपचार केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३" स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ।

**परिच्छेद-१**

**प्रारम्भ**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "मुखियापट्टी मुसहरनिया सर्प दंश उपचार केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

२. परिभाषाः

शम्भु ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
गा.पा. अध्यक्ष

CamScanner

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "उपप्रमुख" भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ।

(ख) "कार्यपालिका" भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(ग) "केन्द्र" भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिकामा यस कार्यविधि अनुसार स्थापना भई सञ्चालनमा रहेको सर्प दंश उपचार केन्द्रलाई सम्झनुपर्छ।

(घ) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्न प्रचलित कानुन बमोजिम सम्बन्धित परिषद् (काउन्सिल) बाट अनुमतिप्राप्त व्यक्तिलाई सम्झनुपर्छ।

(ङ) "गाउँपालिका" भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिकालाई सम्झनुपर्छ।

(च) "प्रमुख" भन्नाले मुखियापट्टी मुसहरनिया गाउँपालिकाको अध्यक्षलाई जनाउँछ।

(छ) "महाशाखा" भन्नाले स्वास्थ्य सेवा विभाग अन्तर्गतको इपिडिमीयोलोजी तथा रोग नियन्त्रण महाशाखालाई सम्झनुपर्छ।

(ज) "विभाग" भन्नाले स्वास्थ्य सेवा विभागलाई सम्झनुपर्छ।

(झ) "व्यवस्थापन समिति" भन्नाले दफा ५ बमोजिम गठित "मुखियापट्टी मुसहरनिया सर्प दंश उपचार सेवा सञ्चालन तथा व्यवस्थापन समिति" लाई जनाउँछ।

शम्भु ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
गा.पा. अध्यक्ष

(ञ) "साझेदार संस्था" भन्नाले सर्प दंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन गर्ने गरी प्रचलित कानुन बमोजिम दर्ता भई मुखियापट्टी मुसहरनिया सर्प दंश उपचारका लागि साझेदारी गर्ने संस्था भनी जनाउँछ।

## परिच्छेद-२

## सर्प दंश उपचार केन्द्र सञ्चालन तथा व्यवस्थापन

३. सञ्चालन तथा व्यवस्थापन ढाँचाः

(१) सञ्चालन मापदण्ड नेपाल सरकारबाट जारी भएको सर्प दंश उपचार केन्द्र सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ को दफा ६ बमोजिम हुनेछ। केन्द्र गैर-नाफामूलक संस्थाको रूपमा सञ्चालन गरिनेछ।

(२) मुखियापट्टी मुसहरनिया गाउँपालिकाको अभिन्न अङ्गको रूपमा केन्द्र गैर-नाफामुखी संस्थाको रूपमा जुनसुकै समयमा आवश्यक सेवा दिने गरी गाउँपालिका र नेपाली सेनाको संयुक्त व्यवस्थापन र गाउँपालिका अस्पतालको प्राविधिक सहयोगमा सञ्चालन हुनेछ।

(३) स्वास्थ्य सेवा विभाग तथा स्वास्थ्य कार्यालय मार्फत आपूर्ति नहुने र आपूर्ति भएको औषधि नपुग भएमा गाउँपालिकाले सोको व्यवस्थापन गर्नुपर्नेछ।

(४) केन्द्रका लागि आवश्यक भौतिक संरचनाको व्यवस्थापन गाउँपालिकाले गर्नुपर्नेछ।

(५) केन्द्रका लागि आवश्यक औषधि र उपकरण गाउँपालिकाले व्यवस्थापन गर्नुपर्नेछ; साथै साझेदार संस्था र सहयोगीहरूसँगको सहकार्यमा व्यवस्थापन गर्न सकिनेछ।

शम्भु ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
गा.पा. अध्यक्ष

CamScanner

(६) केन्द्रको सञ्चालन सर्प दंश उपचार केन्द्र स्थापना सम्बन्धी मापदण्ड, २०७७ तथा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ:

(क) तालिमप्राप्त जनशक्ति गाउँपालिका अस्पतालको चिकित्सक र नेपाली सेनाको समन्वयमा व्यवस्थापन गरिनेछ।

(ख) थप करार जनशक्ति र स्रोत व्यवस्थापन, समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्नेछ।

(ग) जनशक्तिको छनोट, कार्यको सुपरिवेक्षण र व्यवस्थापन सम्बन्धी अन्य कार्य तथा सेवा सुविधा गाउँपालिका अस्पतालका कर्मचारीलाई प्रदान गरिए सरहको हुनेछ।

(घ) केन्द्रमा भर्ना भएका बिरामीको उपचार सहायताका लागि गाउँपालिका अस्पतालले तत्काल आवश्यक जनशक्ति र सेवा दिनुपर्नेछ।

(ङ) एम्बुलेन्स तथा बिरामीका लागि आवश्यक यातायात सेवा शुल्क केन्द्रबाट व्यवस्था हुनेछैन।

४. सेवा शुल्क:

(१) सर्प दंश केन्द्रमा प्राप्त हुने सेवा शुल्क वा अन्य राजस्व गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गर्नुपर्नेछ।

## परिच्छेद-३

## व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार

५. व्यवस्थापन समितिको गठन:

[illegible] ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
गा.पा. अध्यक्ष

(१) मुखियापट्टी सर्प दंश उपचार सेवा सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको एक व्यवस्थापन समिति रहनेछ:-

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) केन्द्र सञ्चालन भएको वडाको वडा अध्यक्ष - सदस्य

(घ) नेपाली सेनाको मुखियापट्टी स्थित कार्यालयको प्रमुख वा निजले तोकेको अधिकृत - सदस्य

(ङ) स्थानीय प्रहरी प्रमुख - सदस्य

(च) गाउँपालिका अस्पताल प्रमुख - सदस्य

(छ) अध्यक्षले मनोनीत गरेको प्रतिनिधि (एक जना महिलासहित २ जना) - सदस्य

(ज) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(२) मनोनीत सदस्यको पदावधि ३ (तीन) वर्षको हुनेछ। तोकिएको जिम्मेवारी पूरा नगरेमा अध्यक्षले जुनसुकै बखत फिर्ता बोलाउन सक्नेछ।

(३) पदावधि बाँकी रहँदै गाउँपालिकाको नयाँ निर्वाचन भएमा बाँकी पदावधि स्वतः समाप्त हुनेछ।

(४) सर्प दंश उपचार केन्द्र सञ्चालन र सेवा प्रदान गर्ने चिकित्सक, प्राविधिक कर्मचारी र विज्ञ व्यक्तिलाई समितिमा आमन्त्रण गर्न सकिनेछ।

६. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः

(१) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

शम्भु ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
गा.पा. अध्यक्ष

CamScanner

(क) सर्प दंश उपचारको सञ्चालन स्वीकृत मापदण्ड अनुसार कार्यान्वयन गर्ने गराउने।

(ख) गुणस्तरीय, प्रभावकारी एवं दिगो सेवा प्रवाहको लागि आवश्यक नीति, योजना तथा कार्यक्रम निर्माण गरी कार्यपालिकाबाट स्वीकृत गराउने।

(ग) सर्प दंश उपचार केन्द्रको नियमित सञ्चालन र व्यवस्थापनको लागि आवश्यक स्रोत-साधन जुटाउने तथा वार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने।

(घ) सर्प दंश उपचार केन्द्रबाट प्रवाह भएका सेवाहरूको नियमित अनुगमन र समीक्षा गरी सेवा प्रवाहको निरन्तरता सुनिश्चित गर्ने।

(ङ) केन्द्रमा जनशक्तिको व्यवस्थापन र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने।

(च) केन्द्रमा कार्यरत जनशक्तिको सेवा, सर्त, पारिश्रमिक र अन्य सुविधाहरूका सम्बन्धमा कार्यपालिकामा सिफारिस गर्ने।

(छ) सर्प दंशको उपचारमा आवश्यक औषधि र उपकरणको अद्यावधिक तथा व्यवस्थापन गर्ने।

(ज) सर्प दंश उपचारको सेवा शुल्क गाउँ कार्यपालिकाबाट स्वीकृत गराउने।

(झ) गाउँ कार्यपालिकाको निर्णय अनुसार तोकिएको साझेदार संस्थासँग कार्य गर्ने कार्यविधि निर्माण र नियमित गर्ने।

(ञ) कार्यपालिकाबाट स्वीकृत मापदण्ड, निर्णय र निर्देशिका/निर्देशनहरू कार्यान्वयन गर्ने।

(ट) केन्द्रको व्यवस्थापन र सञ्चालन गर्न आवश्यक आम्दानी-खर्चको लेखा अभिलेख र लेखापरीक्षण गाउँपालिकाले तोकेबमोजिम गर्ने/गराउने।

शम्भु ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
गा.पा. अध्यक्ष

CamScanner

## परिच्छेद-४

## विविध

७. केन्द्रलाई आवश्यक पर्ने जनशक्ति व्यवस्थापनः

(१) केन्द्रलाई आवश्यक पर्ने जनशक्ति नेपाली सेनाको मुखियापट्टी स्थित कार्यालयबाट प्राप्त जनशक्तिका साथै गाउँपालिकाले न्यूनतम सेवा मापदण्ड बमोजिम क्रमशः अन्य जनशक्ति व्यवस्था गर्दै लगिनेछ:

(क) गाउँपालिका अस्पतालका प्रमुख वा निजले तोकेको मेडिकल अधिकृत १ जना अनकल (ON CALL) मा खटिने गरी व्यवस्था गरिनेछ।

(ख) गाउँपालिका अस्पतालमा कार्यरत स्टाफ नर्स १ जना र अन्य नर्सिङ स्टाफ १ जना गरी जम्मा २ जना।

(ग) जनस्वास्थ्य शाखाको सिफारिसमा तोकिएको पारामेडिक्स न्यूनतम १ जना।

(२) केन्द्रमा खटिने कर्मचारीको सेवा सुविधा गाउँ कार्यपालिकाले तोकेको बमोजिम हुनेछ।

८. सामग्रीको व्यवस्थापनः

केन्द्रका लागि आवश्यक पर्ने सामग्रीको व्यवस्था सम्बन्धित गाउँपालिका/गाउँ कार्यपालिकाले गर्नेछ।

९. बाधा अड्काउ फुकाउः

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय गरी त्यसको लागि बाधा अड्काउ फुकाउनेछ।

शम्भु ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
गा.पा. अध्यक्ष

१०. कानुन बमोजिम हुनेः

यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै कार्यविधि बमोजिम र अन्य विषयहरू प्रचलित ऐन तथा कानुन बमोजिम हुनेछन्।

११. कार्यविधि परिमार्जनः

कार्यविधिमा परिमार्जन तथा हेरफेर गर्नु परेमा गाउँ कार्यपालिकाले आवश्यक प्रक्रिया पूरा गरी गर्न सक्नेछ।

१२. जिन्सी सामानको अभिलेखः

केन्द्रको जिन्सी सामानको अभिलेख गाउँपालिकाको स्वास्थ्य शाखाबाट प्रमाणित गरी राखिनेछ।

१३. बचाउः

यो कार्यविधि प्रारम्भ हुनुभन्दा पहिले प्रचलित कानुन तथा समितिको निर्णय अनुसार भएका कामकारबाहीहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

आज्ञाले

नाम : शम्भु ठाकुर

पद : प्रमुख प्रशासकीय अधिकृत

जय कुमार यादव
गा.पा. अध्यक्ष

शम्भु ठाकुर
प्रमुख प्रशासकीय अधिकृत

CamScanner